# बजार अवलोकन–१५

**बजार अवलोकन**
२०६६ असार

निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय–कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- **नेपालमा खाद्यान्न मूल्यको बृद्धि ठूलो चासोको विषय रहेको छ । नेपाल राष्ट्र बैङ्कले हालै मात्र प्रकाशित गरेको तथ्याङ्क अनुसार गत महिनामा खाद्यान्न तथा पेय पदार्थको मूल्यमा वर्षेनी हुने मूल्य बृद्धि १६.५ प्रतिशत रहेको देखियो ।**
- **दुर्गम हिमाली तथा पहाडी बजारहरुमा हिउँदे यामको खडेरीका कारण कम खाद्यान्न आपूर्तिको फलस्वरुप गत महिनामा उल्लेख्य रुपमा मूल्य बृद्धि भयो । उदाहरणका लागि, मुगु जिल्लाको स्थानीय खाद्य संचितीमा आएको कमि र अपर्याप्त वाहय आपूर्तिको फलस्वरुप खाने तेलको मूल्यमा ५ प्रतिशत, चामलको मूल्यमा ३० प्रतिशत र गेडागुडीको मूल्यमा ५० प्रतिशतले बृद्धि भएको पाईयो ।**
- **खस्केको हिउँदे बालीका कारण देशभर धेरै भागहरुमा आलुको मूल्य गत महिनाको औसत मूल्यको तुलनामा १० प्रतिशतले र गत वर्ष यहि समयको तुलनामा ५८ प्रतिशतले बृद्धि भएको पाईयो ।**

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य :

- नेपालमा लगातारको खाद्यान्न मूल्य बृद्धि चासोको विषय रहेको छ । नेपाल राष्ट्र बैङ्कले हालै प्रकाशित गरेको तथ्याङ्क अनुसार वर्षेनी हुने मूल्य बृद्धि गत महिनामा १६.५ प्रतिशत रहेको देखियो । खास गरी गत वर्ष भरी चिनी र चिनी जन्य उत्पादनको मूल्य ६७ प्रतिशतले बढेको पाईयो ।
- नेपाल भर राष्ट्रिय स्तरमा चामलको मूल्य सामान्यतया स्थिर रहयो । तापनि तराईमा भने औसत ५-१० प्रतिशतले मूल्य बृद्धि अनुभव गरिएको थियो जसलाई देश भर आउँदो महिनाहरुमा मूल्य बृद्धि हुने संकेतको रुपमा पनि लिन सकिन्छ ।
- जुम्लामा बढ्दो आपूर्तिका कारण गत वर्षको तुलनामा यस वर्ष बजार भाउ उल्लेख्य रुपमा घटेको छ । यो विशेषत २०६४ मा सम्पन्न कर्णाली राजमार्ग निर्माण ( विश्व खाद्य कार्यक्रमको कामका लागि खाद्यान्न कार्यक्रम समेतको संलग्नतामा ) र २०६४/६५ मा बढ्दो व्यापारको फलस्वरुप भएको हो । गत वर्षको तुलनामा दालहरुको मूल्य ११ प्रतिशतले, गहुँको पिठोको मूल्य २१ प्रतिशतले र मोटा चामलको मूल्य ४० प्रतिशतले घटेको छ ।

### आपूर्ती :

- हिउँदे खडेरीको फलस्वरुप अन्य वर्षको तुलनामा यो समयमा खास गरी हिमाली तथा पहाडी जिल्लाहरुमा आपूर्ति स्थिति खस्केको पाईयो । उदाहरणका लागि, विश्व खाद्य कार्यक्रमले अनुगमन गरेको हिमाली बजारहरु मध्ये ७५ प्रतिशत बजारहरुमा गहुँको संचिती घटेको र पहाडी बजारहरु मध्ये ४० प्रतिशत बजारहरुमा गहुँको संचिती पूर्णत रीत्तिएको पाईयो । यसका साथै ३१ प्रतिशत हिमाली बजारहरुमा र ५७ प्रतिशत पहाडी बजारहरुमा आलुको आपूर्ति अपर्याप्त रहेको पाईयो ।
- मुगुमा हिउँदे बाली कटानी राम्रो नभएको साथै बाहय आपूर्ति पनि पर्याप्त नभएको हुनाले त्यहाँ आपूर्तिका समस्याहरु देखा परेका छन् । यसले केही मुख्य खाद्यान्नहरु (जस्तै- गेडागुडी, चामल र चिनी) को मूल्य ३०-६० प्रतिशतले बृद्धि गराएको छ ।
- नेपाल भर मुसुरोको आपूर्तिमा सामान्यतया सुधार आएको छ । ३६ प्रतिशत तराई बजारहरु र २० प्रतिशत हिमाली बजारहरुमा यसको बढ्दो आपूर्ति देखिएको छ जसको कारण यी बजारहरुमा यसको मूल्य घटेको पाईयो ।
- विश्व खाद्य कार्यक्रमले नेपालका ३५ जिल्लाहरुमा सुख्खा र उच्च खाद्यान्न मूल्यका कारण चरम खाद्य असुरक्षित घरधुरीहरुलाई खाद्य सहयोग पुऱ्याईरहेको छ ।

## बजारको पुर्वानुमान

- श्रोतको अपर्याप्तताका कारण नेपाल खाद्य संस्थानले यस महिनाको मध्य बाट हुम्ला र मुगु जिल्लाहरुमा खाद्यान्न वितरण कार्यक्रम बन्द गरेको समाचार आएको छ । यसका कारण यी जिल्लाहरुमा आउँदो महिनामा खाद्यान्न मूल्य बढ्न सक्ने छ र यसलाई निकटबाट अनुगमन गरिने छ ।
- नेपालमा असार र श्रावण खाद्यान्न अभाव हुने समय मानिन्छ र श्रावणमा मकै बाली नआए सम्म हिमाली तथा पहाडी बजारहरुमा आपूर्ति स्थिती निरन्तर रुपमा खस्किने देखिन्छ ।
- हालै सुरुवात भएको मनसुनी वर्षाले पनि ढुवानीमा समस्या ल्याई दुर्गम भागका बजारहरुमा खाद्यान्न आपूर्ति घटाउने सम्भावना छ ।

## अत्यधिक उतार चढाव आएको बजार/खाद्य पदार्थहरु

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् बृद्धि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| मुसुरो राष्ट्रिय स्तरमा | औसत ९४.१/के. जि. | -६% | तराईका ३६ प्रतिशत बजारहरुमा गत महिनाको तुलनामा यस महिनामा दालको आपूर्ति बढेको । |

**मूख्य खाद्यवस्तुहरुको खुद्रा मूल्यमा अधिकतम् कमि**

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| आलु राष्ट्रिय स्तरमा | औसत २८/के. जि. | १० % | हिउँदे खडेरीले गर्दा धेरै हिमाली तथा पहाडी जिल्लाहरुमा आलु बालीमा कमि आएको । |
| मुगु | | | एकदमै नराम्रो हिउँदे बालीका कारण र अपर्याप्त बाहय आपूर्तिका कारण खास गरी मुगुमा मूल्य बृद्धि हुन गएको । |
| गेडागुडी | ११०/के. जि. | ५७ % | |
| चामल | ८०/के. जि. | ३३ % | |
| चिनी | १०० /के. जि. | ३३ % | |

**१२ महिनाको औसत मूल्य ***




**%मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)****




यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।
खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु (www.un.org.np) अथवा www.wfp.org/odan मा पनि उपलब्ध छन् ।
अन्य जानकारीकोलागि सम्पर्क : खाद्य सरक्षा अनगमन तथा विश्लेषण इकाई. विश्व खाद्य कार्यक्रम. पाटन ढोका. ललितपर. पो. ब. १०७. टेलिफोन : ५५४२६०७ –२४२०–५

# नेपालभर मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटो चामल | ३८.० | २.७ | -८.८ | १३.४ | ► | ► | ► |
| | गहुँको पिठो | २७.० | ०.० | ०.० | १०.२ | ► | ► | ► |
| | भटमासकोतेल | ९७.० | ११.५ | २३.० | -२०.८ | ▲ | ▲ | ▼ |
| | कुखुराको मासु | २४०.० | ४.३ | -३९.४ | ३१.५ | ► | ▼ | ▲ |
| | तोरीको तेल | ११९.० | -४.८ | १.६ | -१२.५ | ► | ► | ► |
| | मास | ८३.० | -२.४ | ०.० | २७.७ | ► | ► | ▲ |
| | मूसूरो | ९७.० | -३.० | -३.१ | ३४.७ | ► | ► | ▲ |
| | रातो आलु | ३०.० | ३०.४ | -१५.० | १३०.८ | ▲ | ▼ | ▲ |
| पोखरा | मोटो चामल | ३६.० | २.९ | -२.९ | २.९ | ► | ► | ► |
| | गहुँको पिठो | २८.० | ०.० | ०.० | -६.७ | ► | ► | ► |
| | भटमासकोतेल | १२०.० | ०.० | १४.३ | -११.१ | ► | ▲ | ► |
| | कुखुराको मासु | ३००.० | ७.१ | -४०.० | ५०.० | ▲ | ▼ | ▲ |
| | तोरीको तेल | १४०.० | ०.० | ६.७ | - | ► | ► | - |
| | मास | ९०.० | ०.० | -२५.० | ३४.३ | ► | ▼ | ▲ |
| | मूसूरो | १००.० | ५.३ | ५.० | ३३.३ | ▲ | ► | ▲ |
| | रातो आलु | ३६.० | ५०.० | -३३.३ | १०० | ▲ | ▼ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटो चामल | २४.० | ४.३ | ४.२ | २.१ | ► | ► | ► |
| | गहुँको पिठो | २४.० | ०.० | ०.० | -७.७ | ► | ► | ► |
| | भटमासकोतेल | ९८.० | -७.५ | १०.२ | -१८.३ | ▼ | ▲ | ▼ |
| | कुखुराको मासु | २६४.० | ४.८ | -४४.० | - | ► | ▼ | - |
| | तोरीको तेल | ११०.० | -१७.२ | -४.६ | -१२.७ | ▼ | ► | ► |
| | मास | ७१.२ | ४.७ | ८.१ | २५.८ | ► | ► | ▲ |
| | मूसूरो | ८५.० | -२.३ | ३.३ | १९.४ | ► | ► | ▲ |
| | रातो आलु | २६.४ | १३.८ | १३२.० | २०० | ▲ | ▼ | ▲ |
| विरगंज | मोटो चामल | २६.६ | ६.४ | -४.२ | ३.१ | ▲ | ► | ► |
| | गहुँको पिठो | २३.४ | १.७ | ०.० | -२.५ | ► | ► | ► |
| | भटमासकोतेल | ९५.० | -१३.६ | ०.० | -२०.८ | ▼ | ► | ▼ |
| | कुखुराको मासु | २००.० | ११.१ | ०.० | - | ▲ | ► | - |
| | तोरीको तेल | ११०.० | -८.३ | ४.० | -८.३ | ▼ | ► | ► |
| | मास | ७०.० | -५.४ | -२.८ | १६.३ | ▼ | ► | ▲ |
| | मूसूरो | ९०.० | २.३ | २.२ | २९.५ | ► | ► | ▲ |
| | रातो आलु | २२.० | १०.० | -६६.७ | ११२ | ▲ | ▼ | ▲ |
| नेपालगंज | मोटो चामल | २६.३ | ५.३ | ०.० | १४.५ | ▲ | ► | ► |
| | गहुँको पिठो | २२.७ | -७.५ | ०.० | ९.७ | ▼ | ► | ► |
| | भटमासकोतेल | ११०.० | -४.३ | ११.५ | -१०.८ | ► | ▲ | ► |
| | कुखुराको मासु | २००.० | -४.८ | -१५.४ | - | ► | ▼ | - |
| | तोरीको तेल | ११०.० | ८.३ | ११.१ | ५.४ | ▲ | ▲ | ► |
| | मास | ७०.० | ९.३ | ०.० | ३९.८ | ▲ | ► | ▲ |
| | मूसूरो | ९०.० | ९.७ | १०.५ | ३९.९ | ▲ | ▲ | ▲ |
| | रातो आलु | २२.० | १०.० | ०.० | ४६.७ | ▲ | ► | ▲ |
| धनगढी | मोटो चामल | २५.५ | २०.० | १८.३ | १८.६ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | २३.० | १५.० | ९.१ | ५.७ | ▲ | ► | ► |
| | भटमासकोतेल | १०५.० | -१२.५ | -९.१ | ६९.४ | ▼ | ► | ▲ |
| | कुखुराको मासु | २००.० | ०.० | -११.१ | - | ► | ▼ | - |
| | तोरीको तेल | ११०.० | ०.० | १५.४ | -१२.० | ► | ▲ | ► |
| | मास | ८०.० | ६.७ | ६.३ | -२.१ | ▲ | ► | ► |
| | मूसूरो | ९५.० | -९.५ | -५.० | ४३.९ | ▼ | ► | ▲ |
| | रातो आलु | ३०.० | ७.१ | -११.५ | १०० | ▲ | ▼ | ▲ |

* मूल्य तुलना प्राप्त तथ्याङ्कमा आधारीत छ। गएको महिनाहरुको बजार अवलोकन समयावधी पश्चात प्राप्त तथ्याङ्कलाई पूर्व महिनाको मूल्यमा मिल्नेगरी समावेश गरीएको छ

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
► सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५% सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ।

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटो चामल | २६.० | ०.० | ०.० | -१.९ | ► | ► | ► |
| | गहुँको पिठो | २४.० | -४.० | ०.० | -४.० | ► | ► | ► |
| | भटमासकोतेल | १००.० | ५.३ | १७.४ | -१७.४ | ▲ | ▲ | ▼ |
| | कुखुराको मासु | २२०.० | ०.० | -३७.५ | - | ► | ▼ | - |
| | तोरीको तेल | १६०.० | १४.३ | ६.७ | १०.३ | ▲ | ► | ► |
| | मास | ६६.० | -१७.५ | -१४.३ | २०.० | ▼ | ▼ | ▲ |
| | मूसूरो | ९५.० | ५.६ | ०.० | २९.३ | ▲ | ► | ▲ |
| | रातो आलु | २४.० | २०.० | -५३.८ | - | ▲ | ▼ | - |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटो चामल | २५.० | ०.० | ०.० | -९.१ | ► | ► | ► |
| | गहुँको पिठो | २८.० | ७.७ | ७.१ | -१२.५ | ▲ | ► | ► |
| | भटमासकोतेल | १२०.० | ०.० | ०.० | -१५.८ | ► | ► | ▼ |
| | कुखुराको मासु | ३००.० | २१.० | -८.८ | - | ▲ | ► | - |
| | मास | ९०.० | ५.९ | ०.० | १२.५ | ▲ | ► | ► |
| | मूसूरो | १००.० | ५.३ | ३.१ | ४७.१ | ▲ | ► | ▲ |
| | रातो आलु | ३०.० | ७.१ | -५५.६ | ६६.७ | ▲ | ▼ | ▲ |
| रोल्पा | मोटो चामल | २७.० | ०.० | ०.० | - | ► | ► | - |
| | गहुँको पिठो | ३३.० | ०.० | ०.० | - | ► | ► | - |
| | भटमासकोतेल | १३०.० | -३.७ | ०.० | - | ► | ► | - |
| | कुखुराको मासु | २००.० | ०.० | ०.० | - | ► | ► | - |
| | मास | ८०.० | -१५.८ | -३.३ | - | ▼ | ► | - |
| | मूसूरो | १००.० | ०.० | -४.२ | - | ► | ► | - |
| | रातो आलु | २५.० | -१६.७ | ०.० | - | ▼ | ► | - |
| सांफेबगर | मोटो चामल | २८.० | -६.७ | -७.१ | -२६.३ | ▼ | ► | ▼ |
| | गहुँको पिठो | ३०.० | -१०.४ | -८.१ | ०.० | ▼ | ► | ► |
| | भटमासकोतेल | १४०.० | - | - | - | - | - | - |
| | कुखुराको मासु | २५०.० | १९.० | -९.४ | - | ▲ | ► | - |
| | मास | ९०.० | २.३ | -७.३ | ३०.४ | ► | ► | ▲ |
| | मूसूरो | १००.० | ११.१ | -५.९ | ४२.९ | ▲ | ► | ▲ |
| | रातो आलु | ३५.० | ०.० | १६.७ | -१२.५ | ► | ▲ | ► |
| जुम्ला | मोटो चामल | ४५.० | ०.० | ४.३ | २८.६ | ► | ► | ▲ |
| | गहुँको पिठो | ५५.० | ०.० | -५.८ | १९.६ | ► | ► | ▲ |
| | भटमासकोतेल | १५०.० | ०.० | ०.० | ७.१ | ► | ► | ► |
| | कुखुराको मासु | २८०.० | ७.७ | ०.० | - | ▲ | ► | - |
| | मास | ७०.० | ०.० | २.८ | -१२.५ | ► | ► | ► |
| | मूसूरो | ८०.० | ०.० | ५.९ | ०.० | ► | ► | ► |
| | रातो आलु | ३०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| **सडकको पहुंच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटो चामल * | ३२.० | ०.० | ८.६ | -८.६ | ► | ► | ► |
| | गहुँको पिठो | १६०.० | -११.१ | -१२.५ | १४.३ | ▼ | ▼ | ► |
| | भटमासकोतेल | ३२०.० | ६.७ | -७.१ | ३३.३ | ▲ | ► | ▲ |
| | सिमी | ५५.० | -८.३ | -२०.० | - | ▼ | ▼ | - |
| | मुसुरो | | - | - | - | - | - | - |
| | रातो आलु | ४०.० | ३३.३ | ०.० | १४.३ | ▲ | ► | ► |
| डोल्पा | मोटो चामल | ७५.० | ०.० | -७.१ | ७.१ | ► | ► | ► |
| | गहुँको पिठो | ९०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासकोतेल | २००.० | ०.० | ०.० | -९.१ | ► | ► | ► |
| | सिमी | १२०.० | ०.० | -३३.३ | - | ► | ▼ | - |
| | मास | १३०.० | ०.० | ०.० | - | ► | ► | - |
| | मूसूरो | १७०.० | ०.० | ०.० | - | ► | ► | - |
| | रातो आलु | ४०.० | ०.० | -६०.० | १००.० | ► | ▼ | ▲ |
| बाजुरा | मोटो चामल | ४०.० | ०.० | ०.० | -२७.३ | ► | ► | ▼ |
| | गहुँको पिठो | ४२.० | ०.० | ०.० | -१०.६ | ► | ► | ► |
| | सिमी | - | | - | - | - | - | - |
| | मास | १००.० | ०.० | ०.० | ११.१ | ► | ► | ► |
| | मूसूरो | ११०.० | ०.० | ०.० | २२.२ | ► | ► | ▲ |
| | रातो आलु | ४०.० | ०.० | ०.० | १६७ | ► | ► | ▲ |

*यस प्रतिवेदनमा उल्लेख गरिएका सम्पूर्ण मूल्यहरु खुद्रा मूल्य संग सान्दर्भिक छन् ।*